# सहजकर्ता सेवा करारमा लिने सम्बन्धी सूचना

*(प्रथम पटक सूचना प्रकाशन मितिः २०७७/०७/१७)*

कर्णाली प्रदेश सरकारको चालु आर्थिक वर्ष २०७७।०७८ को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तरगत **"कर्णाली प्रदेश विशेष कार्यक्रम"** प्रदेशमा रहेका सबै स्थानीय तहहरुमा सञ्चालनको लागि तोकिए बमोजिमका कार्यहरुमा सहजीकरण गर्न सिमित समयावधिको लागि देहाय वमोजिम प्रत्येक स्थानीय तहको लागि एक/एक जना **सहजकर्ता** सेवा करारमा लिनुपर्ने भएकोले तोकिएको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। दरखास्त फाराम मुख्यन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेशको वेबसाईट **ocmcm.karnali.gov.np** बाट डाउनलोड गर्न सकिनेछ।

| विज्ञापन नं. | पद | माग संख्या | स्थानीय तह |
|---|---|---|---|
| योजना/०१/२०७७/०७८ | सहजकर्ता | ७९ | कर्णाली प्रदेशका सबै स्थानीय तह प्रत्येकमा एक जना |

**योग्यताः**

क. नेपाली नागरिक,

ख. मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूनतम प्रवीणता प्रमाणपत्र तह वा कक्षा १२ उत्तीर्ण,

ग. नैतिक पतन देखिने गरी फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

घ. अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको,

ङ. प्राविधिक विषयमा शैक्षिक उपाधी प्राप्त गरेका एवं सम्बन्धित स्थानीय तहको वासिन्दालाई विशेष प्राथमिकता दिइनेछ ।

**उमेरको हदः** १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,

**सेवाको प्रकारः** करार

**पारिश्रमिक तथा अन्य सुविधाः** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तोके बमोजिम हुनेछ।

**दरखास्त साथ पेश गर्नुपर्ने काजजातहरुः**

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

ख) शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि,

ग) अनुभव सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि,

घ) समकक्षता खुलाउनु पर्ने भए सो खुल्ने कागजात पेश गर्नुपर्नेछ।

**दरखास्त दिने स्थानः** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश सुर्खेत (इमेलबाट मात्र)

- तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकले दरखास्त फाराम भरी सोको साथमा आवश्यक सम्पूर्ण कागजात क्रमशः हुनेगरी स्क्यान गरी उम्मेदवारको पुरा नामको File name को PDF Format मा एउटा फाइल बनाई तोकिएको मितिको कार्यालय समय भित्र प्राप्त हुने गरी यस कार्यालयको योजना शाखाको इमेल ठेगाना ocmcmkarnali.yojana@gmail.com मा पठाइसक्नु पर्नेछ।इमेलबाट आवेदन दिन नसक्ने उम्मेद्वारले सुर्खेत जिल्लाको हकमा शिक्षा विकास

निर्देशनालय, सुर्खेत र अन्य जिल्लाको हकमा सम्बन्धित जिल्लाको सामाजिक विकास कार्यालयमार्फत निर्धारित समयावधि भित्र आवेदन दिन सक्नेछन्। म्याद नाघी/रित नपुगी आएको दरखास्त फाराम स्वतः अस्वीकृत हुनेछ।

- एक जना उम्मेद्वारले एक स्थानीय तहमा आवेदन दिन सक्नेछ। विकल्पमा बढीमा दुइवटा स्थानीय तहमा आवेदनको लागि प्राथमिकता क्रममा राख्न सक्नेछ।
- आवेदन प्राप्त भएको जानकारी सम्बन्धित उम्मेदवारको मोवाइलमा सन्देश सहित प्रेषित गरिनेछ ।
- तोकिएको म्यादको अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो लगत्तैको कार्यालय खुल्ने दिनलाई अन्तिम दिन मानिने छ।

**परीक्षाको किसिमः संक्षिप्त सूची तथा अन्तरवार्ता ।**

**आवेदन मुल्याङ्कनः**

**संक्षिप्त सूचीः** समन्वय इकाई वा इकाईले तोकेको अधिकार प्राप्त उप समिति: ८० अंक

**संक्षिप्त सूची तयार गर्ने आधारः**

शैक्षिक योग्यता वापत - **५०** (पचास) अंक, (विशिष्ट श्रेणी वापत ५०, प्रथम श्रेणी वापत ४५, द्धितीय श्रेणी वापत ४०, तृतीय श्रेणी वापत ३५ (त्रिभुवन विश्वविद्यालयको अंक गणना वा सोही बमोजिमको समकक्षताको आधारमा गर्ने) ।

**कार्य अनुभव वापत - १२ (बाह्र) अंक** (सामाजिक परिचालकको रुपमा सरकारी वा गैरसरकारी क्षेत्रमा काम गरेकोलाई प्रति वर्ष ३ अंकको दरले, प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने)

प्राविधिक शिक्षाः सिभिल इन्जिनियरिङ्ग विषयको स्नातक तहको योग्यता प्राप्त गरेको हकमा ८ अंक, स्नातक भन्दा मुनीको हकमा ६ अंङ्क। यसको लागि सम्बन्धित निकायमा दर्ता भएको हुनुपर्ने,

**स्थानीय तहको बासिन्दालाई देहाय बमोजिम - १० (दश) अंक**

क) सम्बन्धित स्थानीय तहको बासिन्दा भएमा - १० अंक

ख) सम्बन्धित जिल्लाको बासिन्दा भएमा - ५ अंक

ग) कर्णाली प्रदेशको बासिन्दा भएमा -३ अंक

**अन्तरवार्ताः** -२०(बीस) अंक

क) अन्तर्वार्ताको लागि छनौट भएका उम्मेद्वारहरुको सूची नेपाली वर्णमालाको वर्णानुक्रमानुसार www.ocmcm.karnali.gov.np मा प्रकाशन गरिनेछ ।

ख) अन्तरवार्ता सुर्खेत जिल्लाको हकमा शिक्षा विकास निर्देशनालय, सुर्खेत र अन्यको हकमा सम्बन्धित जिल्लाको सामाजिक बिकास कार्यालयमा रहेको अन्तरवार्ता तथा छनौट समितिले सञ्चालन गर्नेछ ।

यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा देहायका कर्मचारीसँग सम्पर्क गर्न सकिनेछ ।

१. सहायक पाँचौं श्री नविन ढकाल, सम्पर्क नं ९८४८०८८८९७

२. सहायक पाँचौं श्री निरञ्जना रेग्मी, सम्पर्क नं ९८४८१५७१९५